# भिमसेनथापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाञ्जोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:०७६/०७७

च. नं.

मितिः२०७७/०२/२९

## विज्ञप्ति !

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण सङ्क्रमित हुनेहरुको संख्या नेपालमा दिन प्रतिदिन वढ्दै गईरहेको छ। यस गाउँपालिकामा पनि भारत तथा अन्य स्थानबाट आई क्वारेन्टाईनमा वसेका स्थानीयवासीहरुको संख्या वढ्दै जाँदा कोरोना भाइरसको सङ्क्रमणको जोखिम पनि बढ्दै गईरहेको छ। हाल गाउँपालिकाको १८ वटा क्वारेन्टाईन स्थल भित्र १११ जना व्यक्तिहरु रहेका छन। क्वारेन्टाईनस्थल भित्रका र कन्टयाक्ट ट्रेसिङ गरिएका समेत गरी ६२ जनाको पि. सि. आर. गरिएको छ। पि. सि. आर. गरिएकाहरु मध्ये ७ जनाको कोरोना भाइरस सङ्क्रमणको नतिजा नेगेटिभ, ४ जनाको पोजेटिभ तथा ५१ जनाको नतिजा आउन बाँकी रहेको छ ।कोरोना सङ्क्रमणको नतिजा पोजेटिभ आएका ४ जनालाई आजै गोरखा सदरमुकाममा रहेको Isolation मा थप उपचारका लागी पठाईसकिएको छ। कोरोना भाइरसका कारण उत्पन्न हुनसक्ने संकटको व्यवस्थापन गरी, आम नागरिकको जीवन रक्षा गर्न तथा कोरोना भाइरसका कारण हुने मानवीय क्षतीलाई कम गराई जनजीवन सामान्य अवस्थामा ल्याउनका लागी आज मिति २०७७/०२/२९ गते आकष्मिक रुपमा बसेको गाउँकार्यपालिकाको वैठकले गाउँपालिका भित्र कोरोना सङ्क्रमणको जोखिम उच्च रहेको निश्कर्ष निकाल्दै अर्को निर्णय नभएसम्म देहायका निर्णयहरु गरी तत्काल कार्यान्वयन गरिएको व्यहोरा गाउँपालिकावासीमा जानकारी गराईन्छ ।

१. कोरोना सङ्क्रमित व्यक्तिहरुको कन्टयाक्ट ट्रेसिङ गरी पि. सि. आर. गर्ने कार्यलाई तिब्रता दिने ।
२. कोरोना सङ्क्रमण हुनसक्ने सम्भावित स्थानहरुमा मानिसहरुको आवतजावत पूर्ण रुपमा बन्द गर्ने ।
३. एक वडाबाट अर्को वडामा अत्यावश्यक अवस्थामा बाहेक आवतजावतमा रोक लगाउने ।
४. गाउँपालिका भित्र रहेका खाद्यान्न, तरकारी, फलफुल, दुग्धजन्य पदार्थ, औषधि पसल वाहेकका व्यवसायहरु पुर्ण रुपमा वन्द गर्ने।
५. गाउँपालिका भित्र रहेका खाद्यान्न, तरकारी, फलफुल ,दुग्धजन्य पदार्थ विक्रि वितरण गर्ने पसलहरु विहानको ६ वजेदेखी १० वजेसम्म संचालन गर्ने ।
६. कोरोना रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागी वडागत रुपमा गठित समितिहरुले कोरोनाको सङ्क्रमण रोक्नका लागी सक्रियता पूर्वक कार्य गर्ने ।
७. गाउँपालिकावासीमा कोरोनाबाट वच्ने उपायहरुका बारेमा जनचेतना फैलाउने ।
८. नेपाल सरकारले गरेको वन्दावन्दीलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
९. समाजमा हुन सक्ने जुवा, तास, हुलहुज्जत, झगडा तथा समुह वनाई हिडडुल गर्ने जस्ता कार्यहरुलाई पूर्ण रुपमा निषेध गर्ने।
१०. वुँदा नं. १ देखि ९ सम्मका निर्णयहरु कार्यान्वयन गर्नमा वाधा, अवरोध गर्ने जो कसैलाई प्रचलित कानुन वमोजिम कारवाहीको दायरामा ल्याईनेछ।

गाउँकार्यपालिकाको उपरोक्त निर्णयलाई पुर्ण रुपमा कार्यान्वयन गरी कोरोना भाइरस सङ्क्रमणबाट गाउँपालिकावासीहरुलाई वच्ने/वचाउने कार्यमा सहयोग गर्नुहुन सवै राजनितिक दलहरु, वुद्दिजिविहरु, पेशाकर्मिहरु, संघसंस्थाहरु लगायत सम्पुर्ण गाउँपालिकावासीहरुमा भिमसेनथापा गाउँपालिका हार्दिक आब्हान गर्दछ।

नारायण प्रसाद भट्टराई
प्रवक्ता